नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काठमाडौँ

२०७८।१०।२३

## जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन सहितको संक्रमण बढ्दै गएको सन्दर्भमा सो को रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) का निर्णयहरु, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिस, संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८।१०।२३ गते राती १२:०० बजे देखि अर्को सूचना नभएसम्म लागू हुने गरी देहायको आदेश जारी गरिएको छ।

१. निषेध गरिएका कार्यहरु:

सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला, मेला, सम्मेलन, जात्रा, महोत्सव, पटके हाटबजार र मानिसहरुको भिडभाड हुने अन्य कार्यहरु नगर्ने, नगराउने।

२. शैक्षिक क्रियाकलाप तथा परिक्षा सम्बन्धी व्यवस्था:

(क) विश्वविद्यालय, विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरु जनस्वास्थ्यको मापदण्ड पालना गरी सम्बत २०७८ फागुन १ गतेदेखि संचालन गर्न सकिने।

तर, विद्यालय संचालन गर्दा १२ वर्ष पुरा भएका विद्यार्थीका हकमा नियमित र १२ वर्ष पुरा नभएका विद्यार्थीका हकमा विद्यार्थी संख्या समेत बिचार गरी सम्बन्धित स्थानीय तह संगको समन्वयमा विद्यालय व्यवस्थापनले आलोपालो वा सिफ्ट प्रणालीमा कक्षा सञ्चालनको व्यवस्था मिलाउने।

(ख) सबै किसिमका परीक्षाहरु स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी, गराई जेड आकारमा सिट व्यवस्थापन गरी २०७८ फागुन १ गतेदेखि संचालन गर्न सकिने।

३ .कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय वमोजिम गर्ने:

(क) जनस्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने,

(ख) अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,

(ग) घरबाट बाहिर निस्किँदा अनिर्वाय रुपमा खोपकार्ड (मोवाइलमा भएपनि हुने) राख्ने,

(घ) सार्वजनिक स्थलमा दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने, पटक-पटक साबुन पानीले हातधुने वा सेनिटाइजरको प्रयोग गर्ने,

(ङ) विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भएतापनि कम्तीमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने,

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौँ

(च) पी.सी.आर.परीक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने,

(छ) कुनै व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने,

(ज) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने,

(झ) नेपाल सरकारले तोके वमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने ।

**४ .व्यापार व्यवसाय संचालनको हकमा देहाय वमोजिमका मापदण्ड पालना गरी सञ्चालन गर्नेः**

(क) सपिङ मल, डिपार्टमेन्टल स्टोर, सुपर मार्केट र सबै प्रकारका पसल एक पटकमा ५० जना भन्दा बढी हुन नहुने, पूर्ण खोप लगाएको कार्ड (मोबाइलमा फोटो भए पनि हुने) हुनु पर्ने र जनस्वास्थ्य मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्न सकिने।

(ख) पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको ५० प्रतिशत वा बढीमा पूर्ण खोप लगाएका १०० जनामा नबढ्ने गरी मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी (बिबाह, ब्रतबन्ध, न्वारन तथा पास्नी जस्ता) धार्मिक, सांस्कृतिक वा सामाजिक कार्यक्रम सञ्चालन गर्न सकिने।

(ग) डान्स बार, दोहोरी, नाचघर, लाउन्ज, पब, क्लब लगायतका रात्रीकालीन व्यवसाय, सिनेमा हल, हेल्थ क्लब, जीमखाना, स्वीमिङ पुल तथा फुटसल जनस्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरी राती १० बजेमा नबढ्ने गरी २०७८ साल फागुन १ गतेबाट संचालन गर्न सकिने।

(घ) सबै प्रकारका व्यवसायहरुको अग्रपङक्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने।

**५. होटेल, रेष्टुरेण्ट र क्यासिनोको हकमा देहाय वमोजिमका मापदण्ड पालना गरी सञ्चालन गर्नेः**

(क) कामदारले अनिवार्य रुपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने,

(ख) प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

(ग) कुल क्षमताको आधाभन्दा बढी नहुने गरी स्वास्थ्य मापदण्डको पालना गराई संचालन गर्ने,

(घ) सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,

(ङ) नियमित रुपमा निसङ्क्रमित गर्नुपर्ने,

प्रसाद रिजाल
अधिकारी

(च) कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउनेलाई प्रवेश गर्न नदिने,

(छ) खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा प्रवेश गर्न दिने,

(ज) होटेलले चेक-इन गर्दाको अवस्थामा वा चेक-इन गरेको २४ घण्टा भित्र आफ्नो होटेलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने।

६. **सवारी साधन संचालनमा जोर बिजोर प्रणाली लागू नहुने। सार्वजनिक सवारी देहायबमोजिम स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी सञ्चालन गर्नुपर्ने।**

(क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

(ख) सबै यात्रुलाई मास्क अनिबार्य गर्ने,

(ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र यात्रुले प्रयोग गर्ने गरी सेनिटाइजरको व्यवस्था गर्ने,

(घ) चालक तथा सहचालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने,

(ङ) सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,

(च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,

(छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

(ज) लामो दूरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परीक्षण गर्ने व्यवस्था मिलाउने,

(झ) राष्ट्रिय राजमार्गहरुमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरुले जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने।

७. खेलकुद कार्यक्रम संचालन गर्दा एकपटकमा कुल दर्शक क्षमताको ५० प्रतिशत भन्दा बढी नहुने गरी पूर्ण खोप लगाएका दर्शक उपस्थित गराउने र जनस्वास्थ्यको मापदण्ड एवं सम्बन्धित खेलको अन्तराष्ट्रिय प्रोटोकल परिपालना गरी सवत् २०७८ फागुन १ देखि संचालन गर्न सकिने।

८. जिल्ला भित्रका सबै सार्वजनिक र सरकारी निकायले स्वास्थ्य मापदण्डको पालना गरी, गराई सार्वजनिक सेवा प्रवाह साविक बमोजिम सुचारु गर्ने।

९. सार्वजनिक सेवा लिन सबैले खोप कार्ड (मोबाइलमा फोटो भए पनि हुने) अनिवार्य आफ्नो साथमा राख्ने।

२०७८।१०।२२

गोविन्द प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी

१०. सरकारी कार्यालय र व्यवसायिक स्थलहरुमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

११. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्य मापदण्ड पालना गरी एक पटकमा ५० जना भन्दा बढी नहुने गरी पूजा, ध्यान वा प्रार्थना गर्न, गराउन सकिने।

१२. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परिक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने।

१३. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।

१४. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी संघसंस्था, कलकारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्नु गराउनु पर्ने।

१५. कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारवाट जारी आदेश र यस आदेशको पालना गराउन सवै राजनीतिक दल, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, संचारजगत र आमनागरिक सवैलाई आवश्यक सहयोग समन्वय एवं सहजीकरणको लागि अनुरोध छ।

१६. कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारवाट जारी आदेशमा जिम्मेवारी तोकिएका निकायको कार्य सम्पादनमा आवश्यक सहयोग, सहजीकरण तथा अनुगमन गरिनेछ।

१७. आदेशमा लेखिए भन्दा भिन्न कुनै आकस्मिक परिस्थिति सिर्जना भएमा नजिकको सुरक्षा निकाय वा एकाइमा जानकारी गराउने।

१८. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ। यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुऱ्याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ वमोजिम कारबाही र सजाय हुनेछ।

२०७८।१०।२३

... प्रसाद रिजाल
... जिल्ला अधिकारी